स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



‘पशुपति प्रसाद’ फेम्ड निर्देशक दीपेन्द्र के. खनालको आगामी फिल्म ‘के घर के डेरा: घर नम्बर २’ मा कलाकारहरुको ‘लाइनअप’ रोचक बन्दैछ । केही दिनअघि फिल्मको मुख्य भूमिकामा अभिनेता खगेन्द्र लामिछाने अनुबन्धित भएका थिए । अब अर्का अभिनेता निश्चत बस्नेतको पनि अभिनय रहने निश्चित भएको छ । निर्माण टिमले खगेन्द्र र निश्चलसँग एकैदिन कागजी सम्झौता गरेको थियो ।

**आजको विचार...**



कागलाई... *(दुई पेजमा)*

प्रकाश नेपाल

मिलन चाम्सको निर्देशनमा तयार भएको फिल्म ‘वर एन्ड वधु’को पहिलो गीत सार्वजनिक गरिएको छ । आइतबार राजधानीमा एक कार्यक्रमका बीच ‘तिमी सँग’ बोलको रोमान्टिक भावको गीतमा फिल्मकी अभिनेत्री आँचल शर्मा र नव-अभिनेता विवेक कर्माचार्य प्रस्तुत छन् । गीतले उनीहरुको एकअर्काप्रति प्रेम र आशक्ति दर्शाउँछ । रोमानियाको सुन्दर दृश्यहरुले गीत आकर्षक बनेको छ । अञ्जु पन्त र प्रताप दासको गायन रहेको गीतमा लेखु सहयात्रीको शब्द रचना छ भने अर्जुन पोखरेलको संगीत छ ।



❒ वर्ष ३० ❒ अंक ८ ❒ २०८१ साउन ८ गते मंगलबार 23 July 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### दुई बन्धकको मृत्यु

**(रासस/एएफपी)**

**जेरुसेलम,** साउन ७/गाजामा हमासले बन्दी बनाएका दुई बन्धकको मृत्यु भएको इजराइली अभियान समूह होस्टेजेज एन्ड मिसिङ फ्यामिलिज फोरमले सोमबार बताएको छ । फोरमका अनुसार अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा अपहृत ३५ वर्षीय यागेभ बुचश्ताब र ७६ वर्षीय एलेक्स डान्सिङको मृत्यु बन्धकहरूलाई घर फर्काउने ‘अत्यावश्यकताको कडा सम्झना’ हो ।

फोरमले उनीहरूको मृत्यु कहिले भएको भन्नेबारे कुनै जानकारी दिएको छैन । ‘उनीरूको शव हमास लडाकू समूहले राखेको छ’, इजराइली सेनाले छुट्टै विज्ञप्तिमा भनेको छ, ‘हमासको कैदमा उनीहरूको मृत्युको अवस्थाको अनुसन्धान सबै पेशेवर अधिकारीहरूले गरिरहेका छन् ।’ फोरमका अनुसार बुचश्ताबलाई उनकी श्रीमती रिमोन बुचश्ताब किर्षटसँगै किबुत्ज निरिमस्थित उनीहरूको घरबाट अपहरण गरिएको थियो । श्रीमतीलाई ५० दिनपछि रिहा गरिएको थियो । यहुदी नरसंहारबाट बचेकाहरूको घरमा जन्मिएका डान्सिङले याद वाशेम नामक इन्टरनेसनल होलोकास्ट रिमम्बरेन्स इन्स्टिच्युटमा काम गरेका थिए र त्यहाँ हजारौं गाइडलाई तालिम दिएका थिए ।

# लुम्बिनीको मुख्यमन्त्रीमा एमालेका आचार्य

## प्रदेश अधिवेशनको झड्का मुख्यमन्त्रीमा लिला गिरीलाई

## अन्तिममा एमालेले गिरीलाई ब्याक गराएर आचार्यलाई अघि सार्‍यो

**रामचन्द्र रयमाझी**


**पाल्पा,** साउन ७/लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमाले लुम्बिनी प्रदेशका उपनेता चेतनारायण आचार्य नियुक्त भएका छन् । सोमबार प्रदेश प्रमुख अमिक शेरचनले आचार्यलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । उनलाई प्रदेश प्रमुख शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता जोखबहादुर महराले आइतबार राजीनामा दिएपछि आचार्यले नेकपा एमालेका २९ जना र काँग्रेसका २७ जना सांसदको समर्थनसहित सोमबार मुख्यमन्त्रीका लागि दावी पेश गरेका थिए । मुख्यमन्त्रीको सपथ भने मंगलबार गराउने तयारी भएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ । ८७ सदस्यीय प्रदेशसभामा सरकार गठनको लागि ४४ मत चाहिन्छ ।

**प्रदेश अधिवेशनको झड्का मुख्यमन्त्रीमा**

एमालेबाटै लुम्बिनीमा मुख्यमन्त्रीको लाईनमा रहेका एमाले संसदीय दलका नेता लीला गिरीलाई प्रदेश अधिवेशनको झड्का लागेको छ ।





नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
लुम्बिनी प्रदेश
मुकाम बुटवल, रुपन्देही

संख्या:-
पत्र सं.:-
मिति:

विज्ञप्ति

माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले मिति २०८१।०४।०७ का दिन माननीय प्रदेश सभा सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का संसदीय दलका उपनेता श्री चेतनारायण आचार्यज्यूलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम लुम्बिनी प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नुभएको छ ।

(धर्मा अर्याल बेल्वासे)
प्रवक्ता

२०८१ साल श्रावण ०७ गते सोमबार
बुटवल ।

पार्टीको प्रदेश अधिवेशनमा गिरीले खेलेको भूमिकाले अहिले मुख्यमन्त्रीमा झड्का लागेको हो । सोमबार विहानसम्म गिरीलाई मुख्यमन्त्री बनाउने तयारी भए पनि अन्तिममा आएर उनलाई ब्याक गराएर एमालेले आचार्यलाई अघि सारेको थियो । यसअघि दलका नेता गिरीलाई मुख्यमन्त्री बनाउने काँग्रेस-एमालेबीच समेत सहमति भएको हो । तर सोमबार बिहान एमाले केन्द्रको निर्देशन अनुसार आचार्यलाई मुख्यमन्त्रीमा अघि सारिएको हो । एमाले अध्यक्ष केपी शर्मा ओलीले मुख्यमन्त्रीमा आचार्यलाई बनाउन निर्देशन दिएपछि अन्ततः गिरी ब्याक हुनु परेको हो ।

*-बाँकी अन्तिम पेजमा*

## बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजःता रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।


बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पासहित देशभरका शिवालयमा भक्तजनहरुको भिड

**पाल्पा,** साउन ७/साउनको पहिलो सोमबार पाल्पासहित देशभरका शिवालयमा पूजाआजा गर्ने भक्तजनहरुको अत्याधिक भिड लागेको छ । सोमबार बिहानैदेखि शिवालयमा पूजाआजा गर्ने दर्शनार्थीको घुइँचो देखिन्थ्यो । हिन्दु धर्म मान्ने महिलाहरुले साउने सोमबारलाई विशेष धार्मिक दिनका रुपमा लिने गरेका छन् । उनीहरु निराहार ब्रत बसेर भगवान शिवको पूजा अराधना गर्ने गर्छन् । सोमबारदेखि अब साउन महिनाको हरेक सोमबार देशभरका शिवालय मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने छ । साउने सोमबारको अवसरमा पाल्पाको सिद्धबाबा मन्दिर, तानसेनस्थित नारायणस्थान, भगवतीटोल, बराङ्दी लगायतका विभिन्न शिवालयमा पूजा आराधना गर्न हजारौं भक्तजनहरु पुग्ने गर्दछन् ।



साउन महिनाको सोमबारलाई भगवान शिवको प्रिय दिन मानिन्छ । महिलाहरुले विशेषगरी हरियो रंगका वस्त्र, चुरा र मेहंदी लगाएर भगवान् शिवको पूजा तथा आराधना गरी ब्रत बस्ने चलन रहँदै आएको छ । उक्त कार्य गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

सूर्य दक्षिणायनपछि विशेष चार्डपर्वको शुरुवातको संकेत गर्ने पूर्वीय संस्कृतिमा साउने सोमबार आफैँमा विशेष महत्वको महिना हो । पार्वतीले साउन महिनाभर निराहार रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेको शास्त्रमा वर्णित भएकोले महिलाहरूले यसलाई बढी महत्व दिन्छन् । महिनाको अरू दिन नसके पनि सोमबार व्रत बसी शिवलाई शुद्ध जल चढाएर खुशी बनाउन सकिन्छ भन्ने शास्त्रीय मान्यता छ । साउने सोमबारका दिन भगवान शिवको विशेष पूजाआराधना गर्ने परम्परा छ । ज्योतिष शास्त्रानुसार सोमबारको स्वामी भगवान शिव भएकाले यो दिनको शिवोपासना विशेष मानिन्छ । अझ यो महिनाको सोमबार गरिने शिवको व्रत पूजा विशेष फलदायी हुने मान्यता छ । यस दिन आफू र आफ्नो परिवारको सुस्वास्थ्य, दीर्घायु एव विभिन्न कामना गर्दै व्रत बस्ने परम्परा छ । हस्ता नक्षत्रयुक्त सोमबारको व्रतको प्रभावले पार्वतीले महादेव स्वामी पाएको प्रसंग पुराणमा पाइन्छ । साउनको महिना व्रत बसी शिवको पूजा गरे आफू, श्रीमान, सन्तान एवं परिवार सबैको कल्याण हुने धार्मिक विश्वास छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# सरकार विश्वसनीय बनोस्

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बनेको काँग्रेस–एमाले गठबन्धन सरकारलाई दुई तिहाइ विश्वासको मत प्राप्त भएको छ । प्रधानमन्त्री ओलीले आइतबार प्रतिनिधिसभामा आफूलाई विश्वासको मत छ भनेर राखेको प्रस्तावको पक्षमा १८८ र विपक्षमा ७४ मत खसेको हो । मत दिन्न भन्ने पक्षमा १ मत परेको छ । बहुमतका लागि ओली नेतृत्वको सरकारलाई १३८ मतको आवश्यक थियो । तर गठबन्धन सरकारका पक्षमा दुई तिहाइ संख्याले विश्वास प्रकट गरे ।

संसदका दुई ठूला दल मिलेर बनेको वर्तमान सरकारलाई बहुमत नपुग्ला कि भन्ने आशंका त थिएन तैपनि औपचारिकताका लागि प्रधानमन्त्रीले संसद्बाट विश्वासको मत लिनै पर्ने थियो । बहुमत छ भनेरमात्र हुँदैनथ्यो । त्यसलाई संवैधानिक तरिकाबाट प्रमाणित गरेर देखाउनुपथ्र्यो । त्यो काम प्रधामन्त्रीले गरे । त्यसलाई राम्रै मान्नु पर्छ ।

तेस्रो ठूलो दलको रूपमा रहेको नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो १८ महिनाको कार्यकालमा पाँचौं पटक प्रतिनिधि सभामा विश्वासको मत लिएका थिए । पाँचौं पटकको विश्वासको मतको प्रस्तावमा उनले बहुमत पाउन सकेनन् । सबैभन्दा ठूलो सत्ता साझेदार दलले समर्थन फिर्ता लिइसकेपछि प्रचण्ड स्वतःअल्पमतमा परेका थिए । त्यसपछि काँग्रेसको समर्थनमा केपी ओलीको नेतृत्वमा सरकार बन्न पुगेको थियो । सरकारलाई समर्थन गर्ने अन्य साना दलहरूको समर्थनसमेतले गर्दा विश्वासको मतको पक्षमा दुईतिहाइ बहुमत पुगेको छ । वर्तमान सरकारको पक्षमा आएको मतले यो शक्तिशाली बन्न पुगेको प्रष्ट हुन्छ । सरकारले जसरी दुईतिहाइ विश्वास प्राप्त गरेको छ त्यसै गरी काममा समेत विश्वास प्रकट हुनुपर्छ । यो सरकारलाई सत्ता टिकाउने जिम्मेवारी मात्रै छैन । नागरिकले चाहेको रोजगारी सिर्जनाका लागि वर्तमान आर्थिक निराशा पनि तोड्नु पर्नेछ । आमजनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा, भ्रष्टाचार नियन्त्रण, सुशासन र राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरता आवश्यक छ । अर्थतन्त्रमा विद्यमान शिथिलता अन्त्य गरेर आर्थिक गतिविधि चलायमान बनाउने र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने कुरामा पनि सरकारले ध्यान दिन आवश्यक छ । यसो हुन सक्यो भने मात्र सरकारको पक्षमा प्राप्त भएको दुईतिहाइको मतको कदर हुन्छ । तसर्थ सरकार विश्वसनिय बन्न जरुरी छ ।

## Opinion @ Social Network

म आफ्नै दुनियाँमा मस्त छु,
तिमीले आहा गरे नि ठीक डाह गरे पनि ठीक।
*(रिमा अर्यालको फेसबुक स्टाटसबाट www.facebook.com//aryal.rima)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कागलाई बेल पाक्यो हर्ष न विस्मात !



**प्रकाश नेपाल**

*भारतिय सञ्चार माध्यमहरुले वर्तमान सरकारको आलोचना गरेका छन् । कुटनैतिक नियोगमा कार्यरत तथा जानकारहरुले समेत परिवर्तित राजनैतिक घटनाक्रमलाई आश्चर्य रुपमा लिएका छन् । भारतको निर्वाचनपछि नेपालको राजनीति तथा सरकार (नेकपा माओवादी र नेकपा एमाले) को सयुक्त सरकार परिवर्तन हुन्छ भन्ने आंकलन गरिएको थियो । भारतको राजनीति समेत यस पटक नराम्रोसँग पछाडी पर्यो । जब राष्ट्रिय भाउजु विदेशीन त्यस दिनबाट दाहल नेतृत्वको सरकारको दिनगन्ती सुरु भयो । यो पटक सरकार परिवर्तन हुँदा आम जनताले हर्ष मानेकै छैनन् हुन त कागलाई बेल पाक्नु जस्तै भएको छ । काँग्रेस, एमालेको सरकार बनाउन अमेरिका पूर्ण रुपले सफल भएको छ । एमसिसी हावी भएको देखिन्छ । हाल देख्दा सामान्य देखिन्छ । तर भविष्यका लागि यो सबै भन्दा खतरा देखिन्छ ।*

नेपालको राजनीतिमा अन्तत: भारतिय प्रभाव फेल भयो । पश्चिममा राष्ट्रको खेलौना बन्यो हाम्रो मुलुक । भारितय राष्ट्रिय राजनीतिको प्रत्यक्ष प्रभाव परेको भए पनि यस पटकको सरकार परिवर्तनको खेलमा भारतको राजनीति पूर्णरुपले असफल भएकै हो। भारतिय सञ्चार माध्यमहरुले वर्तमान सरकारको आलोचना गरेका छन् । कुटनैतिक नियोगमा कार्यरत तथा जानकारहरुले समेत परिवर्तित राजनैतिक घटनाक्रमलाई आश्चर्य रुपमा लिएका छन् । भारतको निर्वाचनपछि नेपालको राजनीति तथा सरकार ( नेकपा माओवादी र नेकपा एमाले) को सयुक्त सरकार परिवर्तन हुन्छ भन्ने आंकलन गरिएको थियो । भारतको राजनीति समेत यस पटक नराम्रोसँग पछाडी पर्यो । जब राष्ट्रिय भाउजु विदेशीन त्यस दिनबाट दाहल नेतृत्वको सरकारको दिनगन्ती सुरु भयो । यो पटक सरकार परिवर्तन हुँदा आम जनताले हर्ष मानेकै छैनन् हुन त कागलाई बेल पाक्नु जस्तै भएको छ । काँग्रेस, एमालेको सरकार बनाउन अमेरिका पूर्ण रुपले सफल भएको छ । एमसिसी हावी भएको देखिन्छ । हाल देख्दा सामान्य देखिन्छ । तर भविष्यका लागि यो सबै भन्दा खतरा देखिन्छ । भू-सामयिक हिसावले यस घटनाले निकट भविष्यमा अमेरिकाको लागि हाम्रो मुलुक क्रिडास्थल वन्नेमा शंका नै छैन् । भारतिय प्रधानमन्त्री नरेन्द्र मोदिको सपथ ग्रहणमा भारत पुगेका पुष्पकमल दाहलसँग राजनैतिक कुरा ज्यादा हुन पाएन । कारण मोदी सरकार पनि नेपालको जस्तै धेरै दलहश्र मिलेर बनेको थियो । त्यसले गर्दा राष्ट्रिय सहमती कायम गर्ने भन्ने मात्र थियो । यो भन्दा ज्यादा र धेरै कुरा पटककै भएको थिएन । भारतका लागि सबै भन्दा सजिलो पुष्पकमल दाहल नै हुन् । भारत निकट ठानिने नेकपा एमालेका ओलीसँग २०७२ सालपछि नराम्रोसँग चिढिएको छ । उनी सरकारको नेतृत्वमा आउदा भारतले नाकाबन्दी गरेको थियो । भारतियहरुले ओलीलाई पछिल्लो समयमा चिन निकटतम ठान्दछन् । ओलीले जब कालापानी, लिपुलेक समेटेर नेपालको नक्सा संसदबाट पास गराए तब भारत झन चिढिएको थियो । पछिल्लो समयमा राम जन्मभूमी नेपालमा हो भन्ने अभिब्यक्ति दिए पछि ओलीसँग भारत तर्सियो । देउवालाई भारतले कहिल्यै स्विकार गरन् । देउवालाई पशिचमाको सरकार ठान्दछन् । यी कारणले भारतका लागि पुष्पकमल दाहल उपयुक्त पात्रा थिए । दाहालले नेपालमा हिन्दुराज्य कायम गराउन सक्ने थिए । देउवा, ओलीबाट त्यो सम्भव पनि थिएन र छैन् पनि । यस्ता कुरामा दाहाल सजिला पात्र थिए भारतका लागि । हुन त नयाँ सरकार अब भारतका लागि र चिनका लागि टाउको दुखाइ हुनेछ ।

सरकारले विश्वासको मतलिने दिन सदनमा दाहालले भनेका थिए 'तिमिहरु आफै मिलेका होइनौ' । यहाँ भन्दा धेरै कुरा भनेन् । सविधान संशोधन भन्ने त बाहना मात्र हो । त्यो हुँदैन ओलीले यस भन्दा अगाडि पनि सरकारको नेतृत्व गर्ने अवसर पाएका व्यक्ति हुन् । त्यति बेला जस्तो यस पटक फुर्तिलो देखिएका छैनन् । अन्य बेला बनेका हुन यस पटक बनाइएकाले पनि उनको बोली फुटेको देखिदैन । जब दाहालको विकल्पमा नयाँ सरकार बन्ने विषयमा क्याप्टेन रामेश्वर थापाको घरमा ओलीका अत्यन्त विश्वास पात्र ईश्वर पोखेरललाई मात्र जानकारी हुने गरी सम्झैता भएको कुरा देउवासँग सात बुँदे सहमती भएको कुरा जब वाहिरियो तब भारतिय एउटा तप्का झस्कयो । यो सम्झैता असफल बनाउन प्रयत्न पनि भयो त्यही भएर दाहालले सदनबाट विश्वासको मत लिने भनेका हुन । त्यति समयसम्म केहि हुन्छ कि भन्ने थियो । यही समयमा नुवाकोटको एउटा रिसोर्टमा ज्ञानेन्द्र शाह र दाहालको बिचमा भेट भयो । यो अवसर भारतले गरायो तर अमेरिकाको कारण भारतको केहि लागेन । दाहालले ज्ञानेन्द्रसँग सम्झैता गरेर उनलाई अलहंकारिक राजा बनाएर आफूले आजीवना सरकारको नेतृत्व गर्ने मनसाय राखेका थिए । अमेरिकाको अगाडि ज्ञानेन्द्रको पनि केहि लागेन । दाहालले ज्ञानेन्द्रलाई नारायणहिटिमा भित्र्याउन खोजेको तथ्य बाहिरिएको छैन । जब एमालेसहितको सरकार बन्यो तब राष्ट्रिय भाउजु अमेरिका उडिन् । उनलाई यता भुटानी शरणार्थी वाइडवडी जहाज काण्डले मतमती पोलेर छट्पटिएको समयमा सितलताको खोजीमा उनी अमेरिका उडिन् । उनको विवाह पनि अमेरिकी राजदुतले नै गराइदिएका हुन । दुख परेको समयमा चेली माइती पुगीन । केहि समय उतै बसिन् । सबै कुरा मिलाएर ठिक्क पारेर उनी घर फर्किएकी हुन् । जब अनुकूलको समय आयो तब गठबन्धन भयो । यो गठबन्धन बन्ने भए २०७४ सालमा किन भएन ? यदि यो गठबन्धन नभएको भए उनी जेल जाने पक्का हो । यतिखेर गिरी बन्धुमा भोली, भुटानी भाउजु, बाल मन्दिरमा प्रकाशमान सिंह, बालुवाटार जग्गा प्रकरणमा विष्णु पौड्याल, शरद सिंह म्यानपावर कम्पनी, भ्रष्टाचारले नराम्रोसँग पोतिएका व्यक्ति सरकारमा सामेल छन् । तत्कालीन गृहमन्त्री रवि लामिछानेले फाइल खोलम्, खोलम् भने तर सकेन् । त्यसको कारण थियो दाहालले संकेत नदिनु । दाहलले अनुकूल नदेखेर संकेत नदिएका हुन् । सरकारको नेतृत्व परिवर्तन भयो । यतिखेर सरकार परिवर्तन भएको विषयमा आम जनता भने खुसी छैनन् । सरकार परिवर्तनका सवालमा जनताका लागि कागलाई बेल पाके जस्तै भएको छ । सरकारको नेतृत्व परिवर्तन हुने दिन मुलुक शोकमा डुवेको थियो । त्यस दिन दौरा सुरुवाल लगाएर सित्तल निवास जानेको भिड् लाग्यो । लाग्छ यो सरकार शुभ छ जस्तो लाग्दैन । सरकारमा सहभागी सदस्यको मुहार हसिलो नै देखिएन् । सरकारमा सहभागी सदस्य मध्ये अधिकांश विवादस छविले नाम कमाएका परेका छन् । सरकार परिवर्तन गरिनु भनेको भ्रष्टाचारलाई सरक्षण गर्ने पनि हो । सरकार यसरी बन्नुको अर्थ मुलुकलाई स्थायित्वका लागि भनिन्छ । तर राजनैतिक स्थायित्व भन्दा पनि भ्रष्टलाई संरक्षणका लागि हो । सरकारले संविधान संशोधन गर्ने त्यसका लागि कार्यदल बनाउने भनिएको छ । सरकारले सविधान संसोधन गर्ने हो भने स्थानीय तहलाई थप अधिकार दिनु पर्ने, संघीयता खारेजी, धर्म निरपेक्षता, खारेज गर्न हिम्मत गर्नुपर्छ तर सरकारसँग छैन । यसैले सरकारले संविधान संशोधन गर्न सक्दैन । विदेशीले बनाइएको सरकारप्रति न हर्ष छ नत विस्मान नै सरकारले यस पटक गौतम बुद्ध क्रिकेट गौशालालाई प्राथमीकतामा राख्यो । त्यहिबाट सुरु हुन्छ सरकारको क्रियाकलाप यतिखेर जनता विपद्को महामारीबाट पिल्सीएका छन् । त्यस प्रति ध्यान पुगेको छैन । त्यसले गर्दा सरकार भएको आमजनताले महसुस गर्ने सकेका छैनन् । त्रिशुलीमा बस खस्यो । आफन्त शवको खोजीमा तड्पिएका छन् । त्यसतर्फ राज्य उदासिन छ । बाढी पहिरोले दिनानुदिन जनतालाई च्यापदै गएको छ । खेतीयोग्य जमिन बगरमा रुपान्तरित भएका छन् । सरकार के मा हो । के मा बल्झिएको छ । जनतालाई मन छुने भनेको यस्तै यस्तैमा थियो तर सरकार जनताको समस्याबाट निकै टाढा रहेको छ । यसले गर्दा सरकारको नेतृत्व परिवर्तन भएको आमजनताले महसुस नगरेको अवश्य हो । अत्यन्त कष्टरुपमा आलोचना गर्ने, देख्दा कुकुर र बिरालो जस्तो हुने मुख्य दुई दल बिच गठबन्धन भयो । निर्वतमान प्रधानमन्त्री पुष्पकमल दाहल सदनमा बोल्दा उनले सत्य कुरा थोरै ओकले ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्यको थालनी होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । | **तुला** : मन अस्थिर रहने संकेत देखिन्छ। लेनदेनमा सजगता अपनाउनु पर्नेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **वृश्चिक** : शुभ समाचार सुन्न पाइएला। दाम्पत्य जीवन सुखमय रहनेछ । |
| **मिथुन** :वचन दिने बानीले अप्ठ्यारो पार्ने छ।वचन टाल्न नसक्दा दु:ख पाइनेछ। | **धनु** : धर्मकर्म तथा सेवामा मन लाग्नेछ। आँटेको र ताकेको कार्य पुरा होला । |
| **कर्कट** : कार्यमा सफलता पाइनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । | **मकर** :शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **सिंह** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । | **कुम्भ** : मन खिन्न हुने स्थिति आउनेछ। मालसामान हराउन सक्छ । |
| **कन्या** : अधुरो वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । विश्वास गरेकाले साथ दिनेछन्। | **मीन** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । |

## विज्ञान/सूचना प्रविधि

# माइक्रोसफ्ट अवरुद्ध गराउने कम्पनीलाई १२ खर्ब घाटा

अमेरिकी साइबर सेक्योरिटी कम्पनी क्राउडस्ट्राइक शुक्रबारदेखि निकै चर्चामा छ । किनकि यो कम्पनीको एउटा खराब सफ्टवेयर अपडेटका कारण विश्वभर नै ठूलो तहल्का मच्चियो ।




करिब १५ घण्टरासम्म माइक्रोसफ्टको सर्भर ठप्प भएका कारण विश्वका धेरै देशमा एयरपोर्ट, बैंक, टिभी च्यानलदेखि शेयर बजारसमेत अवरुद्ध भए । यसैबीच दुनियाँ नै ठप्प पार्नका लागि जिम्मेवार सो कम्पनीलाई ठूलो झट्का लागेको छ । शुक्रबार कम्पनीको शेयर मूल्यमा ११ प्रतिशत भन्दा धेरैले गिरावट आयो । शुक्रबारको घटनाअघि क्राउडस्ट्राइक कम्पनीको बजार पुँजीकरण ८३ अर्ब डलर नाघेको थियो । तर, क्षणभरमा आएको उक्त संकटका कारण शेयर मूल्य तीव्ररुपमा ओरालो लाग्दा कम्पनीले ८ अर्ब ८० करोड डलर गुमायो । अर्थात् एक झट्कामै सो कम्पनीले करिब १२ खर्ब रुपैयाँ गुमाएको छ । विश्वको लोकप्रिय साइबर सेक्योरिटी प्रोभाइडर कम्पनी क्राउडस्ट्राइकका विश्वभर करिब ३० हजार ग्राहक छन् । आफ्नो ग्रोथ तथा उच्च मार्जिनका कारण लगानीकर्ताहरूका लागि आकर्षण बन्दै आएको थियो । शुक्रबारको गिरावटभन्दा अघि गत वर्ष यसको शेयर मूल्य दोब्बर भएको थियो । तर, पछिल्लो घटनाका कारण ग्राहक तथा लगानीकर्तालाई कम्पनीप्रतिको आफ्नो निर्भरताका बारेमा विचार गर्नुपर्ने अवस्थामा पुऱ्याएको छ । जसबाट पालो अल्टो नेटवर्कस् जस्ता कम्पनीहरूले मौकाको फाइदा उठाउन सक्दछन्, जसको शेयर मूलय शुक्रबार १.७ प्रतिशतले बढेको थियो । वेबबस सेक्योरिटिजका विश्लेषक ड्यान इभेसका अनुसार यो घटना क्राउडस्ट्राइकका लागि एउटा ठुलो क्षति हो र यसले उसको शेयरमा दबाब पर्नेछ । तर, यो घटना कुनै साइबर सुरक्षा खतराका कारण नभई प्रविधिको अपडेटका कारण भएको हो । हाल क्राउडस्ट्राइकको शेयर मूल्य ३०४.९६ डलर रहेको छ ।

*-अनलाइनखबर डटकम*

# विश्वभर ८५ लाख कम्प्युटरका विण्डोजमा समस्या

विश्वभर विन्डोजमा आएको समस्याका कारण ८५ लाख उपकरण प्रभावित भएको सफ्टवेयर बनाउने कम्पनी माइक्रोसफ्टले भनेको छ । साइबर सेक्युरिटी सफ्टवेयर कम्पनी क्राउडस्ट्राइकले अपडेटपछि विन्डोजमा समस्या आएको थियो । यो घटनालाई साइबर इतिहासकै सबैभन्दा नराम्रो घटना भनिएको छ । विश्वभर एकैचोटी यसअघि यो सङ्ख्याका उपकरणमा समस्या देखिएको थिएन । क्राउडस्ट्राइडकले सफ्टवेयर अपडेट गर्दा करप्टेड सफ्टवेयर अपडेट भएपछि ठुलो सङ्ख्यामा उपकरणमा समस्या देखिएको थियो ।



आफ्ना प्रयोगकर्तालाई यसबाट बाहिर निकाल्न मद्दत गरिरहेको माइक्रोसफ्टले बताएको छ । 'क्राउडस्ट्राइक अपडेटबाट करिब ८५ लाख विन्डोज उपकरण प्रभावित भएको हामीले अनुमान गरेका छौँ ।' कम्पनीले एक ब्लग पोस्टमा भनेको छ । यो भनेको विश्वभर प्रयोगमा आएका विन्डोज उपकरणको १ प्रतिशतभन्दा कम भएको माइक्रोसफ्टको उपाध्यक्ष डेभिड वेष्टन भन्छन् । यो समस्याले संवेदनशील सेवा प्रवाह गरिरहेका कयौँ कम्पनीहरूले क्राउडस्ट्राइक प्रयोग गरिरहेको देखाएको छ । यस अघि सन् २०१७ मा वानाक्राई साइबर हमलामा विश्वका १५० देशमा करिब ३ लाख कम्प्युटर प्रभावित भएका थिए । एक महिनापछि पनि यही स्तरमा नटपेटा सायबर हमला भएको थियो ।

*-रातोपाटी डटकम*

# नेपालमा पनि देखियो माइक्रोसफ्टको समस्या

विश्वभर कम्प्युटर नेटवर्क डाउन भइरहँदा नेपालमा समेत समस्या देखिएको छ । माइक्रोसफ्ट अपरेटिङ सिस्टम प्रयोग गरिएका कम्प्युटरहरू 'ब्लू स्क्रिन अफ डेथ' अर्थात् अलर्टसहित निलो स्क्रिन देखिएर डाउन हुँदा समस्या भइरहेको छ । पेमेन्ट र सेटलमेन्ट क्लियर गर्ने सरकारी वित्तीय संस्था नेपाल क्लियरिङ हाउस लिमिटेड छएनसीएचएल'का कम्प्युटहरूमा समस्या देखिएको हो । एनसीएचएलका सीईओ निलेसमानसिंह प्रधानले केही कम्प्युटरमा समस्या देखिएको बताए । साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकको फाल्कोन क्राउडस्ट्राइक नामक एन्टिभाइरस सफ्टवेयर प्रयोग भएका कम्प्युटर डाउन भएको उनले बताए । अन्य कारोबारसम्बन्धी काममा कुनै समस्या नभए पनि प्रयोगकर्ताले काम गर्न नपाएको उनको भनाइ छ । Global IME bank 'विश्वभर झैँ हाम्रो पनि केही कम्प्युटरमा समस्या देखिएको छ । फाल्कोन क्राउडस्ट्राइक एन्टिभाइरस सफ्टवेयरमा अपडेट आएपछि यो समस्या आएको देखिन्छ,' एनसीचएलका सीईओ प्रधानले भने । एन्टिभाइरस सफ्टवेयर उत्पादक साइबरसुरक्षा प्रदायक कम्पनी क्राउडस्ट्राइकले आफ्नो सफ्टवेयरमा अपडेट दिएको र उक्त अपडेटपछि त्यसको प्रयोग गरिएका कम्प्युटरमा समस्या आइरहेको बताइएको छ । यसका कारण भारत, बेलायत, अस्ट्रेलियालगायत कयौँ देशमा विमानस्थल, बैंक, अस्पताल, यातायात, लगायत किनमेल स्टोरमा समेत सेवा अवरोध भएको छ ।




*-बाह्रखरी डटकम*

# नेपालको पहाडदेखि अमेरिकाको आइटीसम्म आयुष



नेपालको पहाडी भेगमा हुर्कनुभएका २३ वर्षीय आयुष पोखरेल प्रविधिको क्षेत्रमा संसारकै उत्कृष्ट मानिने अमेरिकाको सान फ्रान्सीस्को स्थित सिलिकन भ्यालीलई आफ्नो कर्मथलो बनाएका छन् । प्रविधिप्रतिको उच्चतम लगाव, निरन्तरता र अथक प्रयासका कारण उनी यस क्षेत्रमा अब्बल सावित भइरहेका छन् ।

उनी जन्मे हुर्केको ठाउँमा इन्टरनेटको पहुँच त टाढाको कुरा विद्युत् सेवासमेत भरपर्दो थिएन । सानैदेखि प्रविधिप्रति जिज्ञासु थिए उनी । करिब सात-आठ वर्षको उमेरदेखि नै पुराना रेडियो वा घडी पाएको खण्डमा खोल्ने, अवलोकन गर्ने र मर्मत गर्ने उनीको कोशिस हुन्थ्यो । आफू ११ वर्षको हुँदा आफ्नो मामाको साइबर पसलमा बस्दा उनलाई कम्प्युटरप्रति आकर्षण बढेको थियो । मामासँग सिकेर आफूभन्दा धेरैपाका उमेरका व्यक्तिहरूलाई कम्प्युटर चलाउन उनले सिकाउन्थे ।

एक पटक आफ्नो मातापितासँग बुढानीलकण्ठ स्कुल घुम्न जाँदा त्यहाँ कम्प्युटर ल्याब देखेकाले त्यहाँ अध्ययन गर्न उनीले मन गरे । प्रवेश परीक्षा उत्तीर्ण गरी कक्षा ५ देखि ७ सम्म सोही विद्यालयमा आयुषले अध्ययन गरे । त्यसपछि नवलपरासीको गैँडाकोटमा रहेको बालविकास स्कुलबाट माध्यमिक शिक्षा पूरा गरे उनीले तत्पश्चात् पहिलो पटक एचटिएमएल कोडको बारेमा जानकारी पाए र त्यसमा काम गर्न थाले । यसबाट उनीलाई कम्प्युटरमा नवीनतम् सिर्जना गर्न सकिन्छ भन्ने आत्म विश्वास पैदा भयो । सन् २०१८ मा मातापितासँग क्यानडा पुगेका उनलाई नयाँ संस्कृति एवं भाषा अनुकूलन गर्न चुनौती अवश्य थियो । यसका बाबजुद उनीले टिएल केनेडी स्कुलमा कक्षा ११ र १२ अध्ययन गरे र उत्कृष्ट नतिजा हासिल गरे । पढ्ने क्रममा उनीले आफ्नो सबल पक्ष 'कम्प्युटर प्रोगामिङ' हो भन्ने निर्णय गरिसकेका थिए । विद्यालय पढ्दै गर्दा वेयरहाउसमा काम गरी आएको पारिश्रमिकबाट पहिलो ल्यापटप किने । त्यसपछि उनीले कैयौं रातहरू र बिदाका दिनहरू आफ्नो रुचिका कारण कम्प्युटर कोडिङमा समर्पण गरे । सन् २०२० मा योर्क युनिभर्सिटी क्यानडामा कम्प्युटर विज्ञानमा स्नातक अध्ययनका लागि भर्ना उनले भने । युनिभर्सिटीमा रहँदासमेत ग्राहक सेवामा पार्ट टाइम काम गरी आर्जित रकमबाट पहिलो म्याक बुक कम्प्युटर किने । त्यसपछि उनीका सम्भावनाका ढोकाहरू खुल्दै जान थाले । आयुषले 'फोन एमएल, रिडर, खुला, योर्क युनि' नामका दर्जनौं एपहरू तयार गरी एप्पल स्टोरमा प्रकाशन गरे । सःशुल्क एवं निःशुल्क रहेका यी एपहरूको प्रयोगकर्ताले तारिफ एवं पृष्ठपोषण दिइरहे । स्नातक अन्तिम वर्षमा पढ्दै गर्दा उनीका एपहरूबाट प्रभावित भएर अमेरिकास्थित सान फ्रान्सीस्कोबाट राम्रो पारिश्रमिक एवं सुविधासहित काम गर्नका लागि आग्रह गरियो । त्यहाँ पुगेपछि उनीले आफूभित्रको रुचिलाई उत्कर्ष पुऱ्याउने अथाह सम्भावना देखे र कर्मथलो बनाउने सोच बनाए । अहिले उनी एनओएक्स कम्पनीका संस्थापक सफ्टवेयर इञ्जिनियरको रूपमा कार्यरत छन् । उनीको कम्पनीले कृत्रिम बुद्धि (एआई)को उपयोगमा व्यक्तिगत सहयोगीको काम गर्ने सफ्टवेयर एनओएक्स उत्पादन गर्दैछ । जसबाट अत्यन्त व्यस्त व्यक्तिहरूको जीवनमा सहजता ल्याउन मद्दत पुग्नेछ । उदाहरणका लागि यसले दिनभरिको कामको नोट तयार गर्छ, होटेल बुक गर्न मद्दत गर्दछ, आदि । यसरी आफ्नो लगन, कडा मिहिनेत र समर्पण गरेको खण्डमा जुनसुकै कुरा सम्भव हुनसक्छ भन्ने उदाहरण बनेको छन्, आयुष । उनीको यस यात्राबाट अन्य युवाहरूलाई समेत अभिप्रेरित गर्न मद्दत पुग्ने देखिन्छ ।

*- इहिमालय टाइम्स डटकम*

# माइक्रोसफ्टले विश्व अर्थतन्त्रमा मच्याएको उथलपुथल

माइक्रोसफ्टको कम्प्युटर सफ्टवेयरको अपडेटमा भएको प्राविधिक त्रुटिले विश्वभर हंगामा मच्चाएको छ । लाखौं कम्प्युटरहरू अचानक बन्द भएका छन्, जसको असर हजारौं उडानहरू रद्द वा ढिलाइ भए भने बैंकिङ प्रणाली धराशायी भयो, स्वास्थ्य सेवा प्रभावित भयो, सञ्चारमाध्यमको प्रसारण बन्द भयो, व्यापार जगत समस्यामा पर्यो ।




अमेरिकामा मात्रै ९११ सेवा अवरुद्ध भएका छन् । १७ घण्टाको समस्यापछि शुक्रबार राति करिब १० बजे माइक्रोसफ्टले समस्या समाधान भएको दाबी गरेको छ । विश्वको सबैभन्दा ठूलो सफ्टवेयर कम्पनी माइक्रोसफ्टको विन्डोज अपरेटिङ सिस्टम प्रयोग गर्ने कम्प्युटरमा यस्तो अवस्था आएको हो । समस्या मूलतः कम्प्युटरहरूमा देखा पऱ्यो जसले माइक्रोसफ्टको क्लाउड सेवा प्रयोग गरिरहेको थियो जसमा क्राउडस्ट्राइकको फायरवाल प्रणाली थियो । माइक्रोसफ्टले संसारभरका उद्यमहरूले नेटवर्कलाई ह्याकरहरू र बाहिरी हस्तक्षेपबाट जोगाउन साइबर सुरक्षा फर्म क्राउडस्ट्राइकको सफ्टवेयर प्रयोग गर्ने गरेको र अहिलेको समस्या क्राउडस्ट्राइकले यो सुरक्षा सफ्टवेयर अपडेट गरिरहेको थियो र अपडेटमा प्राविधिक गडबडीका कारण स्थिति उत्पन्न भएको बताएको छ । फ्लाइट अवेयरका अनुसार शुक्रबार विश्वभर ३३, १३९ भन्दा बढी उडानहरू ढिलाइ भएका छन् भने करिब ३,७५० उडानहरू रद्द भएका छन् । डेल्टा एयरलाइन्सले अमेरिकामा सबैभन्दा धेरै ७८८ उडान रद्द गरेको थियो । जबकि एटलान्टा एयरपोर्टमा सबैभन्दा बढी १५५ उडानहरू रद्द गरिएका थिए । एयरपोर्टमा कम्प्युटरबाट हुने सबै काम हातले गरिएको थियो । उड्डयन कर्मचारीलाई चेक इन गर्न र बोर्डिङ पास जारी गर्न आधा घण्टाभन्दा बढी समय लागेको थियो । शुक्रबारको घटना सफ्टवेयरमा भारी निर्भरताले विश्व अर्थतन्त्रमा कस्तो प्रभाव पार्न सक्छ भन्ने उदाहरण हो । अमेरिका, युरोपलगायत दर्जनौँ देशमा बैंकिङ र स्वास्थ्य सेवा पनि प्रभावित भएको छ । माइक्रोसफ्टसँगै गुगल र अमेजन सर्भर र क्लाउड सेवा प्रदान गर्ने ठूला कम्पनी हुन् । अधिकांश देश र कम्पनीहरू तिनीहरूमा निर्भर छन् ।

*-हामा कुरा डटकम*

# लुम्बिनीमा वर्षाबास धार्मिक अनुष्ठान



**लुम्बिनी,** साउन ७/बुद्ध जन्मस्थल लुम्बिनीमा आठौँ वर्षाबास तथा धार्मिक अनुष्ठान सुरुआत भएको छ । लुम्बिनीस्थित राजकीय बौद्ध विहारमा आइतबार आयोजित कार्यक्रममा विहारका संरक्षक भीक्षु सागर धम्मले शील पाठ गरेर वर्षाबासको आरम्भ गरे । भिक्षु धम्मले वर्षाबास कार्यक्रमले बुद्धको उपदेशहरूको ज्ञान लिन सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे ।

उनले भने, 'नेपालीहरूलाई विश्वभर बुद्धको देशका मानिस भनेर चिनिन्छ । यसैले पनि सबै नेपालीले बुद्धको ज्ञान लिनु आवश्यक छ ।' लुम्बिनी आधात्मिक केन्द्र भएको उल्लेख गर्दै उनले लुम्बिनीबाट के पाएँभन्दा पनि के दिएँ भनेर सोच्नुपर्ने बताए । लुम्बिनी सांस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजनले विभिन्न समयमा लुम्बिनीको पहिलो राजकीय बौद्ध विहार भत्काउने विषय उठ्ने गरेको जनाउँदै बुद्ध जन्मेको स्थानमा बुद्ध विहार भत्काउँदा संसारभर राम्रो सन्देश नजाने बताइन् । उनले विहारलाई लुम्बिनी विकास गुरुयोजनाभित्र राखेर पुन:निर्माण गर्न सरोकारवालाहरूलाई सुझाव दिइन् । हरिजनले लुम्बिनीमा रहेका अधिकांश गुम्बा र विहार स्थानीयसँग जोडिन नसकेको दुखेसो गरिन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) का लुम्बिनी प्रदेश प्रमुख सुदीप अर्यालले विश्व समुदायको हितका लागि शान्ति पहिलो शर्त भएकाले शान्ति प्राप्तिका लागि समुदायस्तरमा बुद्ध शिक्षा पुर्‍याउनुपर्नेमा जोड दिए । विभिन्न समयमा हुने यस्ता धार्मिक अनुष्ठानहरूले धार्मिक सहिष्णुता जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्ने उनले बताए । वर्षात्को तीन महिना प्रतिकूल मौसमका कारण धर्मयात्रा गर्न असहज हुने भएका कारण उपासक-उपासिकासहित भिक्षुहरू सुरक्षित स्थानमा बसेर धार्मिक अनुष्ठानमा सरिक हुने प्रक्रियालाई वर्षाबास भनिन्छ । साउन पूर्णिमादेखि सुरु भएको वर्षाबास तीन महिनापछिको पूर्णिमामा समापन हुनेछ । वर्षाबास कार्यक्रम व्यवस्थापनको जिम्मा बौद्ध महिला समितिले लिएको छ । *-रासस*

# लुम्बिनीको मुख्यमन्त्रीमा...

...प्रदेश अधिवेशनका बेला एमाले अध्यक्ष ओली र महासचिव शंकर पोखरेलले प्रदेश अध्यक्षमा प्युठानका हरि रिजाललाई अघि सारे पनि गिरीले प्रतिनिधिहरुलाई रिजाललाई नभई पाल्पाका राधाकृष्ण कँडेललाई जिताउन अनौपचारिक अपिल गरेका थिए । अन्तत: उनैले समर्थन गरेका कँडेलले रिजाललाई हराउन सफल भएका थिए ।

त्यहि बेला लुम्बिनीमा गिरीले चालेको कदमलाई एमाले केन्द्रले बदलाको रुपमा अहिले लिएको हो । काँग्रेस र एमालेबीचको सहमतिमै गिरी मुख्यमन्त्री बन्ने पक्कापक्की थियो । अन्तिम घडीमा महासचिव पोखरेलले आृनो शक्ति प्रयोग गरेरै उनलाई रोक्न सफल भए । गिरी लामो समयसम्म शंकर पोखरेलसँगै थिए । एमाले महासचिव पोखरेल र उपाध्यक्ष विष्णु पौडेलबीच आन्तरिक खिचातानी हुँदा गिरी सहजकर्ताकै रुपमा रहन्थे ।

तर प्रदेश अधिवेशनका बेला भने गिरीले आफुलाई सहजै चिनाए । जसको परिणाम अहिले देखा परेको हो । गिरी यस अघि मुख्यमन्त्री भइसकेका व्यक्ति हुन् । उनी २०७९ पुस २७ गते नेकपा एमालेका २९, नेकपा माओवादी केन्द्रका १०, राष्ट्रिय प्रजातन्त्र पार्टीका ४, नागरिक उन्मुक्ति पार्टीका ४, जनता समाजवादी पार्टीका ३, जनमत पार्टीका ३ जना, लोकतान्त्रिक समाजवादी पार्टीका ३ जना र स्वतन्त्र २ जना गरी ५८ सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । अहिले मुख्य मन्त्रीमा नियुक्त आचार्य अर्घाखाँची निर्वाचन क्षेत्र १ (१) बाट निर्वाचित सांसद हुन । उनी यसअघि शंकर पोखरेल नेतृत्वको सरकारमा आन्तरिक मामिला तथा कानुन, लीला गिरी नेतृत्वको सरकारमा ग्रामिण खानेपानी तथा सहरी विकासमन्त्री तथा जोखबहादुर महरा नेतृत्वको सरकारमा आर्थिक मामिला तथा योजना मन्त्री भइसकेका थिए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


खेलकुद समाचार

## श्रीलंकाले मलेसियालाई हरायो



**काठमाडौं,** साउन ७/श्रीलंकामा जारी नवौं महिला एसिया कप क्रिकेट प्रतियोगिता श्रीलंकाले मलेसियालाई हराएको छ । सोमबार भएको खेलमा टेस्ट राष्ट्र श्रीलंकाले मलेसियामाथि एक सय ४४ रनको सजिलो जित हात पारेको हो ।

समूह 'बी' मा लगातार दुई जितसँगै श्रीलंकाले सेमिफाइनल प्रवेशको सम्भावना पनि बलियो बनाएको छ । श्रीलंकाले आफ्नो पहिलो खेलमा अर्को टेस्ट राष्ट्र बंगलादेशलाई सात विकेटले पराजित गरेको थियो । मलेसिया भने लगातार दोस्रो हारसँगै उपाधि होडबाट बाहिरिएको छ । मलेसिया आफ्नो हिलो खेलमा थाइल्याण्डसँग २२ रनले पराजित भएको थियो । सोमबारको खेलमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको आयोजक राष्ट्र श्रीलंकाले निर्धारित २० ओभरमा चार विकेट गुमाएर एक सय ८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको मलेसियाले भने १९.५ ओभरमा अलआउट हुनुअघि ४० रनमात्र बनाउन सक्यो । श्रीलंकाका लागि ओपनर ब्याट्र चामरी आथापाथ्थुले अविजित एक सय १९ रनको योगदान गरिन् । टोलीकी कप्तानसमेत रहेकी चामरीले केवल ६९ बलको सामना गरी सात छक्का र १४ वटा चौका पनि प्रहार गरेकी थिइन् । चामरी महिला टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा तीनवटा शतक प्रहार गर्ने विश्वकै तेस्रो खेलाडी पनि बनेकी छन् । यसअघि तान्जिनियाकी फातुमा ओमारी किबासु र संयुक्त अरब इमिरेट्स (यूएई)की एसा ओजाले मात्र टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा तीनवटा शतक बनाउन सकेका थिए । विकेटकिपर ब्याटर अनुष्का सञ्जिवनीले पनि टोलीको खातामा ३१ रन थपिन् । उनले केवल २४ बलको सामना गरी चार चौका पनि हिर्काइन् । हर्षिथा सामराबिक्रमाले पनि २६ रन बनाइन् । उनले २३ बलमा पाँच चौका प्रहार गरेकी थिइन् । मलेसियाकी बलर विनिफ्रेड दुराइसिंगमले दुई विकेट लिइन् ।


वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अंकले बढ्यो



**पाल्पा,** साउन ७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकले बढेको छ । कारोबारको दोस्रो दिन सोमबार परिसूचक दुई दशमलव १५ अंकले बढेको हो ।

नेप्से बढेसँगै दुई हजार चार सय ८८ दशमलव ०९ अंकमा कायम भएको छ । तीन पटक बजारले २ हजार ५ सय अंक नाघे पनि अन्तिममा आएर २ हजार ४ सय ८८ दशमलव ०८ विन्दुमा अडिएको हो । यसदिन नेप्से परिसूचक बढेर दुई हजार चार सय ८८ दशमलव ०९ विन्दुमा कायम हुन पुनेको थियो । तीन सय नौ कम्पनीको तीन करोड ९७ लाख ५४ हजार सात सय ११ कित्ता शेयर एक लाख ७० हजार पाँच सय ५९ पटक खरिदबिक्री हुँदा १३ अर्ब ९१ करोड ५५ लाख ३५ हजार चार सय ४० बराबरको कारोबार भएको छ । बैङ्किङ एक दशमलव २३, विकास बैंक शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव २१, लगानी शून्य दशमलव ४७, लघुवित्त शून्य दशमलव ५३ र निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । अरु समूहको उपसूचक बढेको छ । वित्त समूह शून्य दशमलव ७१, जलविद्युत् एक दशमलव ७४, जीवन बीमा शून्य दशमलव ०१, उत्पादन तथा प्रशोधन दुई दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव ७८, व्यापार एक दशमलव ८६ र अन्य समूहको उपसूचक एक दशमलव ४३ प्रतिशतले बढेको छ ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३६ करोड ९३ लाख ४८ हजार सात सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-२ को १५ लाख ५६ हजार नौ सय ९५ कित्ता शेयर किनबेच भएको छ ।


**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा** (H.A.), **मेडिकल ल्याब्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

**- आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**

**- फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**

**- प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाभी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई